# आन्तरिक हुलाक वस्तु बिमा गर्ने नियमहरू, २०१९

*(मिति २०७६ साल असोज मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

# आन्तरिक हुलाक वस्तु बिमा गर्ने नियमहरू, २०१९

नेपाल राजपत्रमा प्रकाशित मिति
२०१९।८।२८

आन्तरिक हुलाक वस्तु (बिमा गर्ने) ऐन, २०१९ को दफा ८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "आन्तरिक हुलाक वस्तु (बिमा गर्ने) नियमहरू, २०१९" रहेको छ ।

(२) यी नियमहरू तुरून्त प्रारम्भ हुनेछन् ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा,-

(क) "बिमा वस्तु" भन्नाले खामभित्र राखिएको पत्र, करेन्सी नोट, चेक, हुण्डी, बेचबिखन गर्न हुने लिखतका हुलाक वस्तुहरू सम्झनु पर्छ ।

(ख) "हुलाक" भन्नाले यी नियमहरूको अनुसूचीमा दिइएको हुलाकहरू र हुलाक डाइरेक्टरले आवश्यकता अनुसार समय समयमा तोकिदिएको हुलाक सम्झनु पर्छ ।

(ग) "नियन्त्रक" भन्नाले नेपाल सरकारबाट नियुक्त भएको अञ्चल प्रमुख सम्झनु पर्छ ।

(घ) "डेलिभरी" भन्नाले बिमा गरिएको हुलाक वस्तु ठेगानावाला वा सो वस्तु बुझिलिने निजबाट अख्तियार पाएको वारिसलाई बुझाएमा सो ठेगानावालालाई डेलिभरी भएको सम्झनु पर्छ ।

(ङ) "ऐन" भन्नाले आन्तरिक हुलाक वस्तु (बिमा गर्ने) ऐन, २०१९ सम्झनु पर्छ ।

३. बिमा गर्ने हद : अनुसूचीमा उल्लेख भएका हुलाकहरूका बीच बेचबिखन गर्न हुने लिखतका हुलाक वस्तुहरू बढीमा ने.रू. १,५००/- पन्ध्र सयसम्म बिमा गर्न सकिनेछ ।

४. बिमा गर्नु पर्ने : बेचबिखन गर्न हुने लिखतका हुलाक वस्तुहरू हुलाकबाट चलाउन बिमा गर्न अनिवार्य हुनेछ ।

५. बिमा गर्ने तरिका : हुलाक वस्तुहरू बिमा गर्दा देहाय बमोजिम गर्नु पर्छ :-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(क) हुलाक महसुल र रजिष्टरी शुल्कको अतिरिक्त नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको बिमा दस्तूरको अग्रिम चुक्ती हुलाक टिकट टाँसी गर्नु पर्दछ,

(ख) प्रत्येक बिमा वस्तु छाप नफुटाइकन वा बेसाबूत वा अस्पष्ट चिन्ह नरहने किसिमसँग खोल्न नसकिने गरी र सफा स्पष्ट बुझिने गरी एकै रङ्गको सफा लाहाद्वारा एकै ढाँचाको कुनै व्यक्तिगत छाप लगाई बलियो खाममा राम्ररी बन्द गरिएको हुनु पर्दछ । रूपैयाँ पैसाको वा सोझो बाँगा काटिएका रेखा भएको छाप हुनु हुँदैन,

(ग) खाम कालो वा अरू कुनै किसिमको रङ्गीन किनारा भएको वा भित्रको वस्तुको कुनै अंश कतैबाट देख्न र चिन्न नसकिने गरी बनेको हुनु पर्दछ,

(घ) खाम बन्दी गरी टाँसिने प्रत्येक जोडनीमा छाप लागेको हुनु पर्दछ, खाममा धागोको टाँका मारी वा फित्ता बाँधी जहाँ गाँठो पर्दछ त्यहाँ लाहाछाप लगाएको हुनु पर्दछ,

(ङ) खाममा हुलाक अड्डाको लेबल टाँस्ने तथा अन्य चिन्ह लगाउने पर्याप्त स्थान हुनु पर्दछ,

(च) खाममा कुनै केरमेट तथा थपघट नगरी बिमा गरिने मूल्य अङ्क र अक्षरमा स्पष्टसँग बुझिने गरी लेखिएको हुनु पर्दछ,

(छ) प्रेषकको नाम र ठेगाना पाउने व्यक्तिको ठेगाना लेख्ने देब्रेतर्फको तल्लो कुनामा लेखिएको हुनु पर्दछ । खाममा ठाउँ नभए छुट्टै कागजमा लेखी बिमा गरिने वस्तुसाथै दाखिल गर्नु पर्दछ,

(ज) खाममा बढीमा सवा इञ्च लम्बाई र सवा इञ्च चौडाइसम्मको हुलाक टिकट बाहेक अरू किसिमका आफू खुशी लेबल प्रेषकले टाँस्न सक्नेछ ।

६. <u>रसीद</u> : बिमा वस्तु बिमा गर्ने निर्धारित समयभित्र हुलाकमा दाखिल हुन आई सो वस्तु हुलाकद्वारा स्वीकृत भएमा बुझाउने व्यक्तिलाई प्रत्येक बिमा वस्तुको निमित्त छुट्टा छुट्टै रसीद दिइनेछ ।

७. <u>फिर्ती रसीद</u> : प्रत्येक बिमा वस्तुको निमित्त ठेगानावालाले वा निजको अख्तियार पाएको वारिसले रीतपूर्वक दस्तखत गरेको फिर्ती रसीद प्रेषकलाई नि:शुल्क पठाइनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

८. बिमा वस्तु फिर्ता हुने अवस्था : सम्बन्धित हुलाकले देहायका अवस्थामा बिमा वस्तु प्रेषकलाई नै फिर्ता पठाउनु पर्दछ :-

(क) बिमा वस्तुको आगमन सूचना दिएका मितिदेखि १० दिनसम्ममा ठेगानावालाले डेलिभरी नलिएमा, वा

(ख) ठेगानावालाले बिमा वस्तु लिन इन्कार गरेमा वा सही डेलिभरी दिने ठेगानावाला नै नभेटिएमा वा ठेगानावालाको मृत्यु भै डेलिभरी हुन नसकेमा, वा

(ग) ठेगानावाला बिना सूचना अघि बसेको ठाउँ छाडी अन्यत्र गएमा वा बिमा वस्तु डेलिभरी गर्ने अख्तियार नभएको हुलाकको अधिकारक्षेत्रमा सरेकोमा सो सरेका १० दिनभित्र ठेगानावाला वा निजको अख्तियार पाएको वारिसलाई डेलिभरी दिन हुलाकको तर्फबाट प्रयास गर्दा पनि ठेगानावाला पत्ता नलागी बिमा वस्तु डेलिभरी हुन नसकेमा ।

तर बिमा वस्तु हुलाकमा आइपुगेको समयमा बिमा वस्तुको ठेगानावाला सो हुलाक डेलिभरी क्षेत्रबाट बाहिर गएको भए र सो हुलाकमा निजको नाममा बिमा वस्तु आएको सूचना हुलाकबाट वा अरू कुनै तवरबाट थाहा पाई त्यसको डेलिभरी लिने इच्छाको लिखित सूचना सम्बन्धित हुलाकलाई खण्ड (ग) मा उल्लिखित १० दिनभित्र दिएमा सो बिमा वस्तु अरू ५ दिनसम्म सो हुलाकमा राखिनेछ, सो ५ दिनभित्र पनि ठेगानावाला वा निजको अख्तियार पाएको वारिसले डेलिभरी नलिएमा सो ५ दिन भुक्तान भएपछि तुरून्त सो बिमा वस्तु प्रेषकलाई नै फिर्ता पठाइनेछ ।

९. क्षतिपूर्ति पाउने शर्त र बन्देजहरू : बिमा गरिएको हुलाक वस्तु वा त्यसको कुनै अंश हुलाकद्वारा चलान गरिंदाको अवस्थामा हराएमा वा नोक्सान भएमा ऐन बमोजिम पाउने क्षतिपूर्तिको रकम देहायको अवस्थामा पाउने छैन :-

(क) प्रेषकले लेखेको ठेगाना अधूरो वा अशुद्ध भै गलत डेलिभरी हुन गएमा, वा

(ख) प्रेषकले वा ठेगानावालाले कुनै किसिमको जालसाजी गरेको प्रमाणित भएमा, वा

(ग) ठेगानावालाले फिर्ती रसीद समेतमा सही गरी बिमा वस्तु डेलिभरी लिइसकेको भएमा, वा

कानून किताब व्यवस्था समिति

(घ) बिमा वस्तु हुलाक दाखिल भएको मितिदेखि २ महिनाभित्र हराएको वा नोक्सानी भएको वा गुम भएको कुनै उजूरी नदिएमा, वा

(ङ) अयोग्य वा असुरक्षित प्याक बन्दीको कारणले हराएमा वा नोक्सानी भएमा, वा

(च) खाम वा लाहा छापमा कुनै देखिने नोक्सानी नभएमा, वा

(छ) बिमा वस्तुभित्र करेन्सी नोट वा सटही मूल्यका अरू वस्तु वा दुबै साथ खामिएको भै त्यस्ता वस्तुहरूको वास्तविक मूल्यको बिमा नगरिएको भएमा, वा

(ज) बिमा गरिएको वस्तुको स्वभावैबाट हानि नोक्सानी भएमा, वा

(झ) हुलाकद्वारा मनाही गरिएका वस्तु बिमा गरिएमा ।

१०. क्षतिपूर्ति दिने म्याद : हुलाक डाइरेक्टर वा नियन्त्रकद्वारा परिस्थिति बस जाँचबुझ (इन्क्वायरी) गर्ने आदेश भएमा बाहेक प्रेषकले हुलाकलाई बिमा वस्तु हराएको उजूरी दिएको मितिदेखि २ महिनापछि तुरून्त क्षतिपूर्ति पाउनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची

१. काठमाडौं जनरल पोष्ट कार्यालय ।

२. ललितपुर नगर हुलाक ।

३. भक्तपुर नगर हुलाक ।

४. वीरगञ्ज मुख्य हुलाक ।

५. विराटनगर मुख्य हुलाक ।

६. पोखरा मुख्य हुलाक ।

७. भैरहवा मुख्य हुलाक ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

द्रष्टव्य :- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरु:-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।